# भीमेश्वर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
चरिकोट, दोलखा

बागमती प्रदेश, नेपाल

पत्र संख्या :
चलानी नं. :

मितिः

**दुग्ध चिस्यान केन्द्र पूर्वाधार तथा चिलिङ भ्याट कार्यक्रममा सहभागिताका लागि प्रस्ताव आव्हान सम्बन्धि सूचना**

**सूचना प्रकाशित मिति : २०८२/१०/१९**

यस भीमेश्वर नगरपालिकाको चालु आ.व. २०८२/८३ को पशुपन्छी विकास तर्फका देहाय बमोजिमको नगर स्तरीय योजना **"कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन कार्यविधी-२०८१ (पहिलो संशोधन),२०८२"** अनुसार तपसिल बमोजिम संचालन गर्नुपर्ने भएकाले यस नगरपालिका अन्तर्गत वडा नं ८ भित्रका ईच्छुक पशुपालन गर्ने कृषक समूह/कृषि सहकारी/कृषि फर्महरुले यो सूचना प्रकाशित भएको मितिले १५ औं दिन (मितिः २०८२/११/०४ गते) भित्रमा पशु सेवा शाखा/सम्बन्धित वडा कार्यालयमा तोकिएको ढाँचा अनुसार आवेदन दर्ता गर्नुहुन सम्बन्धित सबैमा जानकारी गराइन्छ। साथै रित नपुगेको वा म्याद नाघी प्राप्त हुन आएका निवेदनहरु छनौटका लागी समावेश नहुने व्यहोरा जानकारीका लागि अनुरोध गरिएको छ।

**आवश्यक कागजातहरु**

१. अनुसुची -२ अनुसारको निवेदन
२. सम्बन्धित निकायमा दर्ता तथा नविकरण भएको भए प्रमाणपत्रको प्रतिलिपि
३. कार्यक्रम संचालन हुने स्थानको स्वामित्व खुल्ने कागजात वा भाडाको जग्गा भएमा कम्तीमा ५ वर्षको सम्झौतानामा
४. निवेदकको नागरिकता वा परिचय खुल्ने प्रमाणपत्रको प्रतिलिपि
५. समूह/सहकारीको हकमा कार्य समितिको निर्णयको प्रतिलिपि
६. अनुसुची -३ अनुसारको तयार गरिएको प्रस्तावना
७. व्यवसाय निरन्तरताको प्रतिवद्धता पत्र

**तपसिल**

| क.शं | अनुदान कार्यक्रमको विवरण | बजेट रु (लाखमा) | अधिकतम अनुदान | संचालन गरीने क्रियाकलाय | कैफियत |
|---|---|---|---|---|---|
| १ | दुग्ध चिस्यान केन्द्र पूर्वाधार तथा चिलिङ भ्याट भी.न.पा.८ | १५ | कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन कार्यविधी-२०८१ (पहिलो संशोधन),२०८२ को दफा ७ बमोजिम | चिलिङ भ्याट लगायत आवश्यक सामाग्री व्यवस्थापन | वडा भित्रका ३ स्थानमा चिलिङ भ्याट व्यवस्थापन गर्नुपर्नेछ |

**नोटः** माथि उल्लिखित व्यवसाय निरन्तर संचालन गरिरहेका कृषकहरुलाई विशेष प्राथमिकतामा राखिने छ।

२०८२/१०/१९

विष्णु प्रसाद सुवेदी
प्रमुख प्रशासकीय अधिकृत